कालिका गाउँपालिका

स्थानीय राजपत्र

खण्डः संख्याः मितिः २०८३/५/२९

# जिबजिबे ग्रामीण अस्पताल सवलीकरण तथा सञ्चालन कार्यविधि, २०८३

**गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०८३/०५/२७**

## प्रस्तावना

कालिका गाउँपालिका क्षेत्रभित्रका नागरिकलाई सर्वसुलभ, गुणस्तरीय, समतामूलक, पक्षपातरहित तथा प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराउने राज्यको दायित्वलाई स्थानीय तहबाट प्रभावकारी रूपमा कार्यान्वयन गर्ने, कालिका गाउँपालिकाद्वारा सञ्चालित जिबजिबे ग्रामीण अस्पताललाई पन्ध्र शय्याको आधारभूत अस्पतालको रूपमा सुदृढ तथा स्तरोन्नति गर्ने, अस्पतालको वित्तीय तथा प्रशासनिक व्यवस्थापनलाई व्यवस्थित, पारदर्शी र उत्तरदायी बनाउन, आवश्यक भौतिक पूर्वाधार तथा स्वास्थ्य उपकरणको विकास गर्ने, जनशक्ति व्यवस्थापन तथा कर्मचारीको कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीलाई व्यवस्थित गर्ने तथा स्वास्थ्य सेवाको गुणस्तर र पहुँच अभिवृद्धि गर्न आवश्यक भएकाले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, जनस्वास्थ्य सेवा ऐन, २०७५, जनस्वास्थ्य सेवा नियमावली, २०७७ तथा प्रचलित अन्य कानून बमोजिम कालिका गाउँपालिकाको गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

हरिकृष्ण देवकोटा
अध्यक्ष

# परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "जिबजिबे ग्रामीण अस्पताल सवलीकरण तथा सञ्चालन कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि कालिका गाउँ कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) "अस्पताल" भन्नाले कालिका गाउँपालिकाद्वारा सञ्चालित जिबजिबे ग्रामीण अस्पताल सम्झनु पर्छ।

(ख) "आधारभूत अस्पताल" भन्नाले प्रचलित संघीय तथा प्रदेश कानून र नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम सञ्चालन हुने आधारभूत अस्पताल सम्झनु पर्छ।

(ग) "समिति" भन्नाले प्रचलित कानून तथा कालिका गाउँपालिकाबाट स्वीकृत अस्पताल सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि बमोजिम गठित अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ।

(घ) "गाउँपालिका" भन्नाले कालिका गाउँपालिका, रसुवा सम्झनु पर्छ।

(ङ) "कार्यपालिका" भन्नाले कालिका गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले प्रचलित कानून बमोजिम कालिका गाउँपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(छ) "अस्पताल निर्देशक/प्रमुख" भन्नाले अस्पतालको दैनिक सेवा सञ्चालन, प्रशासन, स्वास्थ्य सेवा व्यवस्थापन तथा समन्वयको जिम्मेवारी पाएको चिकित्सक वा गाउँपालिकाले तोकेको जिम्मेवार अधिकारी सम्झनु पर्छ।

हरिकृष्ण देवकोटा
अध्यक्ष

(ञ) "अस्पताल विकास तथा सवलीकरण कोष" भन्नाले यस कार्यविधि बमोजिम अस्पतालको विकास, सवलीकरण तथा सेवा प्रवाहमा सुधार गर्न विनियोजन वा प्राप्त रकम व्यवस्थापन गर्न स्थापित/व्यवस्थित कोष सम्झनु पर्छ।

(झ) "कर्मचारी प्रोत्साहन" भन्नाले स्वीकृत दरबन्दी तथा नियमित कार्य समय भन्दा अतिरिक्त कार्य, रात्रिकालीन सेवा, आकस्मिक सेवा, अन-कल सेवा, जोखिमपूर्ण कार्य वा स्वीकृत कार्यसम्पादन सूचकका आधारमा प्रचलित कानून र स्वीकृत मापदण्ड बमोजिम उपलब्ध गराइने सुविधा सम्झनु पर्छ।

(ञ) "कार्यसम्पादन सूचक (KPI)" भन्नाले कर्मचारीको कार्यसम्पादन, हाजिरी, सेवा प्रवाह, जिम्मेवारी निर्वाह, सेवाग्राही सन्तुष्टि तथा अस्पतालले निर्धारण गरेका अन्य मापनयोग्य सूचकलाई सम्झनु पर्छ।

## परिच्छेद-२

## अस्पताल विकास तथा सवलीकरण कोष र वित्तीय व्यवस्थापन

३. अस्पताल विकास तथा सवलीकरण कोष: (१) अस्पतालको भौतिक, प्राविधिक, स्वास्थ्य सेवा तथा संस्थागत सवलीकरणका लागि "जिबजिबे ग्रामीण अस्पताल विकास तथा सवलीकरण कोष" रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोष गाउँपालिकाको प्रचलित आर्थिक प्रशासन प्रणाली, स्वीकृत बजेट तथा लागू कानून बमोजिम सञ्चालन हुनेछ।

(३) कोषको बैंक खाता सञ्चालन गर्नुपर्ने भएमा गाउँपालिकाले तोकेको वाणिज्य बैंकमा प्रचलित कानून बमोजिम खाता सञ्चालन गर्न सकिनेछ।

(४) कोषको खाता सञ्चालन तथा रकम खर्च गर्ने अधिकार गाउँपालिकाको स्वीकृत आर्थिक कार्यविधि, प्रचलित कानून तथा अधिकार प्रत्यायोजन बमोजिम हुनेछ।

४. कोषमा प्राप्त हुने रकम

कोषमा देहायबमोजिमका रकम प्राप्त हुन सक्नेछन्:-

हरिकृष्ण देवकोटा
अध्यक्ष

(क) संघीय सरकार, प्रदेश सरकार तथा सम्बन्धित सरकारी निकायबाट प्राप्त अनुदान तथा कार्यक्रमगत रकम,

(ख) गाउँपालिकाले वार्षिक बजेटमार्फत अस्पताल सवलीकरण तथा सञ्चालनका लागि विनियोजन गरेको रकम,

(ग) अस्पतालबाट कानून बमोजिम प्राप्त हुने सेवा शुल्क तथा आन्तरिक आम्दानी,

(घ) स्वास्थ्य बीमा बोर्डसँगको सम्झौता तथा प्रचलित कानून बमोजिम उपचार सेवाबापत प्राप्त हुने शोधभर्ना रकम,

(ङ) प्रचलित कानूनबमोजिम प्राप्त हुने दान, सहयोग तथा अन्य रकम,

(च) अन्य प्रचलित कानूनबमोजिम प्राप्त हुने रकम।

## ५. कोषको रकम खर्च गर्ने क्षेत्र

कोषमा उपलब्ध रकम अस्पतालको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको अधीनमा रही देहायका क्षेत्रमा खर्च गर्न सकिनेछ:-

(क) औषधि तथा स्वास्थ्य सामग्री खरिद,

(ख) अस्पताल भवन, बिरामी कुरुवा कक्ष, शौचालय, खानेपानी, विद्युत तथा वैकल्पिक विद्युत प्रणालीको सुधार,

(ग) प्रयोगशाला, रेडियोलोजी, प्रसूति, आकस्मिक तथा अन्य आवश्यक स्वास्थ्य उपकरण खरिद, जडान, क्यालिब्रेसन तथा मर्मतसम्भार,

(घ) स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापन तथा संक्रमण नियन्त्रण प्रणालीको विकास,

(ङ) सूचना प्रविधि, डिजिटल स्वास्थ्य अभिलेख तथा अस्पताल व्यवस्थापन प्रणालीको विकास,

(च) स्वीकृत दरबन्दी तथा प्रचलित कानून बमोजिम कर्मचारीको तलब, भत्ता तथा सेवा सुविधा,

(छ) स्वीकृत मापदण्डअनुसार कर्मचारी प्रोत्साहन तथा क्षमता विकास कार्यक्रम,

(ज) अस्पतालको गुणस्तर सुधार, सेवा विस्तार तथा आकस्मिक सेवा व्यवस्थापन,

हरिकृष्ण देवकोटा
अध्यक्ष

(झ) अस्पताल सञ्चालन तथा सवलीकरणसँग प्रत्यक्ष सम्बन्धित अन्य स्वीकृत कार्यक्रम।

(२) कोषको रकम व्यक्तिगत प्रयोजन, राजनीतिक प्रयोजन वा अस्पतालको सेवा प्रवाहसँग असम्बन्धित कार्यमा खर्च गर्न पाइने छैन।

## परिच्छेद-३

## स्वास्थ्य सेवा सञ्चालन तथा अस्पताल व्यवस्थापन

### ६. अस्पतालबाट प्रवाह गरिने स्वास्थ्य सेवा

अस्पतालले प्रचलित कानून, नेपाल सरकारबाट निर्धारित न्यूनतम सेवा मापदण्ड तथा उपलब्ध जनशक्ति र उपकरणको आधारमा देहायका स्वास्थ्य सेवा क्रमशः सञ्चालन तथा विस्तार गर्नेछः-

(क) आधारभूत स्वास्थ्य सेवा,

(ख) बहिरङ्ग सेवा (OPD),

(ग) चौबीस घण्टा आकस्मिक स्वास्थ्य सेवा,

(घ) सामान्य चिकित्सा सेवा,

(ङ) सामान्य तथा आकस्मिक शल्यक्रिया सेवा,

(च) प्रसूति तथा नवजात शिशु सेवा,

(छ) दन्त स्वास्थ्य सेवा,

(ज) प्राथमिक आँखा उपचार सेवा,

(झ) प्रयोगशाला सेवा,

(ञ) रेडियोलोजी सेवा,

(ट) औषधि तथा फार्मेसी सेवा,

(ठ) स्वास्थ्य बीमा सेवा,

(ड) सामाजिक सेवा तथा लक्षित निःशुल्क उपचार सेवा,

हरिकृष्ण देवकोटा
अध्यक्ष

(ढ) प्रचलित कानून तथा स्वीकृत मापदण्डबमोजिम अन्य आवश्यक स्वास्थ्य सेवा।

## ७. सामाजिक सेवा तथा लक्षित निःशुल्क उपचार

(१) अस्पतालमा उपचारका लागि आउने विपन्न, असहाय, बेवारिसे, जेष्ठ नागरिक तथा गाउँपालिकाले लक्षित समूह भनी तोकेका सेवाग्राहीलाई प्रचलित कानून, उपलब्ध स्रोत तथा स्वीकृत मापदण्डबमोजिम निःशुल्क वा सहुलियतपूर्ण स्वास्थ्य सेवा उपलब्ध गराइनेछ।

(२) अस्पतालको कुल स्वीकृत शय्याको कम्तीमा १० प्रतिशत क्षमता लक्षित सामाजिक सेवा तथा निःशुल्क उपचारका लागि व्यवस्थापन गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम शय्या निर्धारण गर्दा पन्ध्र शय्याको अस्पतालको हकमा न्यूनतम एक शय्या सुनिश्चित गरी आवश्यकता तथा उपलब्ध स्रोतअनुसार थप गर्न सकिनेछ।

(४) निःशुल्क सेवाको दायरा, प्रक्रिया तथा लक्षित समूहको पहिचान कार्यपालिकाले स्वीकृत गरेको मापदण्ड बमोजिम हुनेछ।

## ८. स्वास्थ्य बीमा सेवा

(१) अस्पतालले प्रचलित कानून तथा स्वास्थ्य बीमा बोर्डसँग भएको सम्झौता बमोजिम स्वास्थ्य बीमा सेवा सञ्चालन गर्नेछ।

(२) बीमित सेवाग्राहीका लागि सहज दर्ता, दाबी व्यवस्थापन, औषधि वितरण तथा सेवाको समुचित अभिलेख राख्ने व्यवस्था गरिनेछ।

(३) स्वास्थ्य बीमाबापत प्राप्त हुने शोधभर्ना रकम प्रचलित कानून, स्वास्थ्य बीमा बोर्डसँगको सम्झौता तथा गाउँपालिकाको स्वीकृत आर्थिक प्रणाली बमोजिम व्यवस्थापन गरिनेछ।

(४) स्वास्थ्य बीमा सेवामा हुने अनियमितता, गलत दाबी वा कृत्रिम सेवा देखाई शोधभर्ना माग गर्ने कार्य गर्न वा गराउन पाइने छैन।

हरिकृष्ण देवकोटा
अध्यक्ष

# परिच्छेद-४

## जनशक्ति व्यवस्थापन तथा कर्मचारी प्रोत्साहन

९. जनशक्ति व्यवस्थापन

(१) अस्पतालमा आवश्यक जनशक्ति गाउँपालिकाबाट स्वीकृत संगठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण, दरबन्दी संरचना तथा प्रचलित कानून बमोजिम व्यवस्थापन गरिनेछ।

(२) अस्पतालको सेवा विस्तार र उपलब्ध स्रोतका आधारमा देहायका जनशक्ति क्रमशः व्यवस्थापन गर्न सकिनेछ:-

(क) मेडिकल जनरलिष्ट/विशेषज्ञ चिकित्सक,

(ख) मेडिकल अधिकृत,

(ग) स्टाफ नर्स,

(घ) हेल्थ असिस्टेन्ट,

(ङ) ल्याब टेक्निसियन/प्राविधिक,

(च) रेडियोग्राफर,

(छ) फार्मासिस्ट,

(ज) प्रशासनिक तथा लेखा कर्मचारी,

(झ) कार्यालय सहयोगी तथा सरसफाइकर्मी,

(ञ) अस्पतालको सेवा सञ्चालनका लागि आवश्यक अन्य जनशक्ति।

(३) उपदफा (२) बमोजिमको जनशक्ति संख्या गाउँपालिकाबाट स्वीकृत दरबन्दी, उपलब्ध बजेट तथा प्रचलित न्यूनतम सेवा मापदण्डअनुसार निर्धारण हुनेछ।

१०. कर्मचारी प्रोत्साहन तथा सेवा सुविधा

हरिकृष्ण देवकोटा
अध्यक्ष

(१) अस्पतालको चौबीस घण्टा सेवा, दुर्गम भौगोलिक अवस्था तथा स्वास्थ्य सेवाको संवेदनशीलतालाई ध्यानमा राखी स्वीकृत बजेट तथा प्रचलित कानूनको अधीनमा रही कर्मचारीलाई प्रोत्साहन तथा सेवा सुविधा उपलब्ध गराउन सकिनेछ।

(२) प्रोत्साहन सुविधा देहायका आधारमा उपलब्ध गराउन सकिनेछः-

(क) नियमित कार्यालय समयभन्दा अतिरिक्त समय काम गरेबापत,

(ख) रात्रिकालीन तथा आकस्मिक ड्युटी गरेबापत,

(ग) अन-कल सेवा प्रदान गरेबापत,

(घ) जोखिमपूर्ण स्वास्थ्य सेवा तथा संक्रमण जोखिमयुक्त कार्यमा प्रत्यक्ष संलग्न भएबापत,

(ङ) स्वीकृत कार्यसम्पादन सूचक पूरा गरेबापत,

(च) अस्पतालको सेवा गुणस्तर, उत्पादकत्व तथा सेवाग्राही सन्तुष्टिमा उल्लेखनीय योगदान गरेबापत।

(३) प्रोत्साहन सुविधा उपलब्ध गराउने दर, आधार, प्रक्रिया तथा अधिकतम सीमा गाउँ कार्यपालिकाले स्वीकृत गरेको मापदण्ड बमोजिम हुनेछ।

(४) प्रोत्साहन भत्ता उपलब्ध गराउँदा दोहोरो सुविधा पर्ने गरी भुक्तानी गर्न पाइने छैन।

(५) प्रोत्साहन भत्ता उपलब्ध गराउन अस्पतालको स्वीकृत बजेटमा पर्याप्त रकम व्यवस्था भएको हुनुपर्नेछ।

## ११. कार्यसम्पादनमा आधारित प्रोत्साहन

(१) अस्पतालको आन्तरिक आम्दानी तथा प्रचलित कानूनबमोजिम प्राप्त स्वास्थ्य बीमा शोधभर्ना रकमको उपलब्ध स्रोतलाई ध्यानमा राखी कर्मचारीको कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली सञ्चालन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको प्रोत्साहन वितरण गर्दा देहायका सूचकलाई आधार बनाउन सकिनेछः-

(क) हाजिरी तथा समयपालना,

हरिकृष्ण देवकोटा
अध्यक्ष

(ख) जिम्मेवारीअनुसारको कार्यसम्पादन,

(ग) सेवाग्राही सन्तुष्टि,

(घ) सेवा प्रवाहको गुणस्तर,

(ङ) आकस्मिक तथा अतिरिक्त सेवामा सहभागिता,

(च) अस्पतालको स्वीकृत कार्यसम्पादन लक्ष्य प्राप्तिमा योगदान।

(३) प्रोत्साहनको प्रतिशत तथा वितरण विधि कार्यपालिकाबाट स्वीकृत मापदण्ड बमोजिम हुनेछ।

## १२. जोखिम व्यवस्थापन तथा व्यक्तिगत सुरक्षा

(१) रेडियोलोजी, प्रयोगशाला, स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापन तथा अन्य जोखिमयुक्त क्षेत्रमा काम गर्ने कर्मचारीलाई प्रचलित मापदण्डअनुसार आवश्यक व्यक्तिगत सुरक्षा सामग्री (PPE) उपलब्ध गराइनेछ।

(२) जोखिम भत्ता उपलब्ध गराउनुपर्ने भएमा प्रचलित संघीय तथा प्रदेश कानून र स्वीकृत बजेटको अधीनमा रही उपलब्ध गराइनेछ।

(३) अस्पतालले संक्रमण नियन्त्रण, Occupational Safety तथा कर्मचारीको स्वास्थ्य सुरक्षाका लागि आवश्यक व्यवस्था गर्नेछ।

## १३. क्षमता अभिवृद्धि

अस्पतालमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धिका लागि प्रचलित कानून तथा स्वीकृत बजेटको अधीनमा रही आवश्यक तालिम, अभिमुखीकरण तथा सीप विकास कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

हरिकृष्ण देवकोटा
अध्यक्ष

## परिच्छेद-५

# खरिद तथा आर्थिक अनुशासन

१४. खरिद प्रक्रिया

(१) अस्पतालका लागि आवश्यक औषधि, स्वास्थ्य सामग्री, उपकरण, मेसिनरी, सेवा तथा निर्माण/मर्मतसम्भार कार्यको खरिद प्रचलित सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा गाउँपालिकाको प्रचलित खरिद सम्बन्धी कानून र कार्यविधि बमोजिम गरिनेछ।

(२) खरिद कार्यमा प्रतिस्पर्धा, पारदर्शिता, मितव्ययिता, गुणस्तर तथा जवाफदेहिता कायम गरिनेछ।

(३) खरिद कार्यलाई प्रतिस्पर्धा सीमित हुने गरी कृत्रिम रूपमा टुक्रा पारी खरिद गर्न पाइने छैन।

(४) अस्पतालले वार्षिक खरिद योजना तथा आवश्यकताअनुसार खरिद कार्ययोजना तयार गरी स्वीकृत गराउनुपर्नेछ।

१५. औषधि तथा उपकरण व्यवस्थापन

(१) अस्पतालमा आवश्यक अत्यावश्यक औषधिको नियमित आपूर्ति तथा न्यूनतम मौज्दात कायम गरिनेछ।

(२) औषधि तथा स्वास्थ्य सामग्रीको खरिद, भण्डारण, वितरण तथा उपयोगको अभिलेख व्यवस्थित रूपमा राखिनेछ।

(३) प्रयोगशाला, रेडियोलोजी, प्रसूति तथा आकस्मिक सेवाका उपकरणको नियमित परीक्षण, क्यालिब्रेसन तथा मर्मतसम्भार गरिनेछ।

(४) उपकरण खरिद गर्दा अस्पतालको सेवा आवश्यकता, जनशक्ति उपलब्धता, प्राविधिक मापदण्ड, मर्मतसम्भार तथा सञ्चालन लागतलाई समेत ध्यान दिइनेछ।

१६. लेखा तथा वित्तीय व्यवस्थापन

हरिकृष्ण देवकोटा
अध्यक्ष

(१) अस्पतालको सम्पूर्ण आय-व्यय गाउँपालिकाको प्रचलित आर्थिक प्रशासन प्रणाली तथा कानून बमोजिम सञ्चालन हुनेछ।

(२) अस्पतालको आम्दानी तथा खर्चको छुट्टाछुट्टै अभिलेख राखिनेछ।

(३) अस्पतालको आय-व्यय सम्बन्धी कागजात, बिल, भरपाई, बैंक विवरण तथा अन्य वित्तीय अभिलेख सुरक्षित राखिनेछ।

(४) अस्पतालको रकम स्वीकृत प्रयोजनबाहेक अन्य प्रयोजनमा खर्च गर्न पाइने छैन।

## परिच्छेद-६

## जैविक फोहोरमैला तथा संक्रमण नियन्त्रण

### १७. स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापन

(१) अस्पतालले स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापन सम्बन्धी प्रचलित कानून, निर्देशिका तथा मापदण्ड बमोजिम फोहोरको स्रोतमा नै वर्गीकरण गर्ने व्यवस्था मिलाउनेछ।

(२) अस्पतालमा आवश्यकतानुसार रङ्ग संकेतसहितका फोहोर सङ्कलन भाँडा, धारिला सामग्री व्यवस्थापन प्रणाली, सुरक्षित भण्डारण तथा नष्ट गर्ने व्यवस्था गरिनेछ।

(३) सुई तथा अन्य धारिला सामग्री सुरक्षित रूपमा व्यवस्थापन गर्न उपयुक्त उपकरण तथा प्रविधि प्रयोग गरिनेछ।

(४) अस्पतालमा आवश्यकताअनुसार अटोक्लेभ, संक्रमण नियन्त्रण तथा अन्य स्वीकृत प्रविधि प्रयोग गरिनेछ।

(५) स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापनमा संलग्न कर्मचारीलाई आवश्यक सुरक्षा सामग्री तथा तालिम उपलब्ध गराइनेछ।

हरिकृष्ण देवकोटा
अध्यक्ष

## परिच्छेद-७

## अनुगमन, मूल्याङ्कन तथा लेखापरीक्षण

### १८. अनुगमन तथा मूल्याङ्कन समिति

(१) अस्पतालको सेवा प्रवाह, भौतिक अवस्था, औषधि तथा उपकरणको उपलब्धता, कर्मचारी उपस्थिति तथा सेवाग्राही सन्तुष्टि सम्बन्धमा नियमित अनुगमन गर्न कार्यपालिकाले आवश्यकता अनुसार अनुगमन तथा मूल्याङ्कन समिति गठन गर्न सक्नेछ।

(२) समितिको संरचना देहायबमोजिम हुनेछः-

(क) अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको उपाध्यक्ष वा कार्यपालिकाले तोकेको व्यक्ति - संयोजक

(ख) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख वा प्रतिनिधि - सदस्य

(ग) गाउँपालिकाले तोकेको सम्बन्धित कर्मचारी/स्वास्थ्यकर्मी - सदस्य-सचिव

(३) समितिले आवश्यकता अनुसार विषयगत विज्ञ वा सम्बन्धित कर्मचारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

### १९. अनुगमन तथा प्रतिवेदन

(१) अनुगमन समितिले अस्पतालको सेवा सञ्चालन, औषधि मौज्दात, उपकरणको अवस्था, कर्मचारी उपस्थिति, सेवाग्राही सन्तुष्टि तथा आर्थिक व्यवस्थापनको नियमित अनुगमन गर्नेछ।

(२) समितिले अनुगमनबाट देखिएका समस्या तथा सुधारका उपायसहितको प्रतिवेदन कार्यपालिकामा पेश गर्नेछ।

(३) अनुगमनबाट औंल्याइएका कमजोरी सुधार गर्न अस्पताल प्रमुख तथा सम्बन्धित शाखाले आवश्यक कार्य गर्नुपर्नेछ।

### २०. आन्तरिक तथा अन्तिम लेखापरीक्षण

हरिकृष्ण देवकोटा
अध्यक्ष

(१) अस्पतालको आय-व्ययको आन्तरिक लेखापरीक्षण गाउँपालिकाको प्रचलित व्यवस्था बमोजिम हुनेछ।

(२) अस्पतालको अन्तिम लेखापरीक्षण प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट गराइनेछ।

(३) लेखापरीक्षणबाट औँल्याइएका बेरुजु तथा अनियमितता फर्छ्यौट गर्ने सम्बन्धित पदाधिकारी जिम्मेवार हुनेछ।

## परिच्छेद-८

## सेवा गुणस्तर, पारदर्शिता तथा सुशासन

### २१. सेवाग्राहीको अधिकार

अस्पतालमा आउने प्रत्येक सेवाग्राहीलाई प्रचलित कानून बमोजिम सम्मानजनक, भेदभावरहित, सुरक्षित तथा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराइनेछ।

### २२. गुनासो व्यवस्थापन

(१) अस्पतालमा सेवाग्राहीको गुनासो तथा सुझाव दर्ता गर्ने गुनासो पेटिका, गुनासो दर्ता पुस्तिका वा अन्य उपयुक्त माध्यमको व्यवस्था गरिनेछ।

(२) प्राप्त गुनांसोको समयमै अध्ययन तथा समाधान गरी आवश्यक अभिलेख राखिनेछ।

### २३. सूचना तथा अभिलेख व्यवस्थापन

(१) अस्पतालले सेवाग्राहीको उपचार, प्रयोगशाला, औषधि, स्वास्थ्य बीमा, वित्तीय कारोबार तथा अन्य आवश्यक अभिलेख सुरक्षित राख्नेछ।

(२) सेवाग्राहीको व्यक्तिगत तथा स्वास्थ्यसम्बन्धी गोपनीय सूचना प्रचलित कानूनबमोजिम सुरक्षित राखिनेछ।

### २४. आकस्मिक सेवा तथा प्रेषण

हरिकृष्ण बेलकोटा
अध्यक्ष

(१) अस्पतालले उपलब्ध स्रोत, जनशक्ति तथा उपकरणको आधारमा चौबीस घण्टा आकस्मिक सेवा सञ्चालन गर्नेछ।

(२) अस्पतालमा उपलब्ध उपचारभन्दा थप विशेषज्ञ वा उच्चस्तरीय उपचार आवश्यक पर्ने बिरामीलाई उपयुक्त स्वास्थ्य संस्थामा प्रचलित प्रेषण प्रणालीअनुसार पठाइनेछ।

(३) आकस्मिक बिरामीको उपचारमा प्राथमिकता, जीवनरक्षा तथा सुरक्षित प्रेषणलाई विशेष महत्व दिइनेछ।

## परिच्छेद-९

## विविध

### २५. अधिकार प्रत्यायोजन

(१) कार्यपालिकाले यस कार्यविधिबमोजिम आफूलाई प्राप्त केही अधिकार प्रचलित कानूनको अधीनमा रही अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति वा अस्पताल प्रमुखलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) प्रत्यायोजित अधिकार प्रयोग गर्ने पदाधिकारीले आफ्नो अधिकारक्षेत्र, स्वीकृत बजेट तथा प्रचलित कानूनको सीमा नाघ्न पाउने छैन।

### २६. बाधा अड्काउ फुकाउने

यस कार्यविधिको कार्यान्वयनमा कुनै व्यावहारिक बाधा अड्काउ उत्पन्न भएमा प्रचलित कानूनसँग नबाझिने गरी त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकामा रहनेछ।

### २७. व्याख्या गर्ने अधिकार

यस कार्यविधिको कुनै प्रावधानको कार्यान्वयन वा व्याख्यामा द्विविधा उत्पन्न भएमा प्रचलित संघीय तथा प्रदेश कानूनसँग नबाझिने गरी कार्यपालिकाले आवश्यक व्याख्या गर्न सक्नेछ।

...कृष्ण देवकोटा
अध्यक्ष

२८. संशोधन तथा परिमार्जन

अस्पतालको सेवा आवश्यकता, प्रचलित कानून, न्यूनतम सेवा मापदण्ड तथा स्थानीय आवश्यकताका आधारमा कार्यपालिकाले यस कार्यविधिमा आवश्यक संशोधन वा परिमार्जन गर्न सक्नेछ।

२९. प्रचलित कानून बमोजिम हुने

(१) यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधिबमोजिम र उल्लेख नभएका विषयमा प्रचलित संघीय तथा प्रदेश कानून र गाउँपालिकाबाट स्वीकृत सम्बन्धित कानूनबमोजिम हुनेछ।

(२) यस कार्यविधिको कुनै व्यवस्था प्रचलित संघीय वा प्रदेश कानूनसँग बाझिएमा बाझिएको हदसम्म त्यस्तो व्यवस्था अमान्य हुनेछ र प्रचलित कानूनको व्यवस्था लागू हुनेछ।

३०. बचाउ

यस कार्यविधि लागू हुनुअघि प्रचलित कानूनबमोजिम अस्पताल सञ्चालन तथा व्यवस्थापनका सम्बन्धमा भए गरेका काम कारबाही यसै कार्यविधिको उद्देश्य तथा प्रचलित कानूनसँग अनुकूल हुने हदसम्म यसै कार्यविधिबमोजिम भए गरेको मानिनेछ।

हरिकृष्ण देवकोटा
अध्यक्ष

# अनुसूची-१

## अस्पतालमा सञ्चालन गरिने न्यूनतम सेवा तथा प्राथमिकता क्षेत्र

अस्पतालले उपलब्ध जनशक्ति, उपकरण, बजेट तथा प्रचलित न्यूनतम सेवा मापदण्डका आधारमा देहायका सेवा प्राथमिकताका साथ सञ्चालन तथा सुदृढ गर्नेछः-

१. बहिरङ्ग सेवा
२. चौबीस घण्टा आकस्मिक सेवा
३. सामान्य चिकित्सा सेवा
४. मातृ तथा नवजात शिशु सेवा
५. सुरक्षित प्रसूति सेवा
६. प्रयोगशाला सेवा
७. रेडियोलोजी सेवा
८. फार्मेसी सेवा
९. दन्त सेवा
१०. प्राथमिक आँखा उपचार सेवा
११. स्वास्थ्य बीमा सेवा
१२. सामाजिक सेवा तथा लक्षित निःशुल्क उपचार
१३. स्वास्थ्य प्रवर्द्धन तथा रोग रोकथाम सेवा
१४. प्रेषण तथा एम्बुलेन्स समन्वय सेवा।

हरिकृष्ण देवकोटा
अध्यक्ष

# अनुसूची-२

## कर्मचारी प्रोत्साहन निर्धारणका आधार

कर्मचारी प्रोत्साहन निर्धारण गर्दा देहायका आधारलाई प्राथमिकता दिइनेछः-

| क्र.सं. | आधार | मूल्याङ्कन |
| --- | --- | --- |
| १ | नियमित हाजिरी तथा समयपालना | स्वीकृत KPI अनुसार |
| २ | रात्रिकालीन ड्युटी | स्वीकृत दर अनुसार |
| ३ | आकस्मिक तथा अन-कल सेवा | स्वीकृत दर अनुसार |
| ४ | अतिरिक्त कार्यसमय | प्रमाणित कार्यघण्टाका आधारमा |
| ५ | जोखिमयुक्त कार्य | प्रचलित कानून/स्वीकृत दर अनुसार |
| ६ | सेवाग्राही सन्तुष्टि | स्वीकृत सूचकअनुसार |
| ७ | कार्यसम्पादन | KPI अनुसार |
| ८ | क्षमता अभिवृद्धि तथा संस्थागत योगदान | स्वीकृत मापदण्डअनुसार |

नोट: प्रोत्साहनको वास्तविक दर तथा अधिकतम सीमा गाउँ कार्यपालिकाले स्वीकृत गरेको वार्षिक बजेट तथा मापदण्डबमोजिम हुनेछ।

हरिकृष्ण देवकोटा
अध्यक्ष

## अनुसूची-३

## सामाजिक सेवा तथा निःशुल्क उपचार व्यवस्थापनको आधार

१. विपन्न नागरिक

२. असहाय नागरिक

३. बेवारिसे बिरामी

४. जेष्ठ नागरिक

५. गाउँपालिकाले तोकेको लक्षित वर्ग

६. प्रचलित कानूनबमोजिम निःशुल्क उपचार प्राप्त गर्ने अन्य सेवाग्राही।

निःशुल्क उपचारको स्वीकृति, अभिलेख तथा सेवा प्रवाहको प्रक्रिया अस्पतालले गाउँपालिकाबाट स्वीकृत मापदण्डबमोजिम निर्धारण गर्नेछ।

## प्रमाणीकरण

कालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धैवुङ, रसुवा

प्रमाणीकरण गर्ने अधिकारी:
नामः हरिकृष्ण देवकोटा
पदः अध्यक्ष
हस्ताक्षरः ..........................................
मितिः ..................................................

प्रमाणीकरण/प्रकाशनका लागि:
प्रमुख प्रशासकीय अधिकृत
नामः धर्मराज न्यौपाने
हस्ताक्षरः ..........................................
मितिः ..................................................

स्थानीय राजपत्रमा प्रकाशन मितिः ..................................